नगरसभामा पेश गरेको मितिः २०८०।०३।०९

# महालक्ष्मी नगरपालिका अर्थ विधेयक २०८०

## महालक्ष्मी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधेयक ,२०८०

प्रस्तावनाः

महालक्ष्मी नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्न, छुट दिन तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले, नेपालको सँविधानको धारा २२८ बमोजिम महालक्ष्मी नगरपालिकाको नगर सभाले यो ऐन वनाई लागु गरेको छ ।

**१ सँक्षिप्त नाम र प्रारम्भ**

१ यस ऐनको नाम महालक्ष्मी नगरपालिकाको आर्थिक ऐन, २०८० रहेको छ ।

२ यो ऐन २०८० साल श्रावण १ गते देखि महालक्ष्मी नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. सम्पति कर :**

१.महालक्ष्मी नगरपालिका क्षेत्र भित्र कुनै व्यत्ति ले आफनो क्षेत्र भित्रको भौतिक सँरचना र सो ले चर्चेको जग्गामा सम्पति कर लगाउन सक्ने छ तर जग्गा धनि व्यक्ति नभएको गुठीको स्वामित्वमा रहेको जग्गामा सम्पती कर लगाईने छैन ।

२.उपदफा १ वमोजिम लगाईने सम्पति कर प्रयोजनका लागि जग्गा मुल्याङकनको दर अनुसुचि १, भौतिक सँरचनाको वर्गिकरण, आयु (वर्ष), बार्षिक ह्रास कट्टी दर(%)र मुल्याङकन दर (प्रति वर्ग फिट )अनुसुचि २,मुख्य क्षेत्र र साधारण क्षेत्र तथा भौतिक सँरचना मुल्याङकनमा गुणक अनुसुचि ४ र सम्पति करको दर अनुसुचि १ मा उल्लेख भए वमोजिम हुने छ ।

३. यस दफा वमोजिम सम्पति कर लगाउदा घर जग्गाको आकार, प्रकार, बनोट र उपयोग ,अचल सम्पतिको उत्पादनशिल उपयोगको अवस्था नागरिकको जीवनस्तर, आर्थिक स्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पतीको प्रचलित वजार मुल्य तथा ह्रास मुल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि वनाई लागु गर्न सक्ने छ ।

**३. भुमिकर (मालपोत):**

नगरपालिका क्षेत्र भित्र अनुसुचि २ वमोजिम भुमिकर (मालपोत) लगाईने र असुल उपर गरीने छ ।तर दफा २ वमोजिम सम्पती कर लगाएको जग्गामा भुमिकर (मालपोत लगाईने छैन) ।

**४. घर जग्गा बहाल कर**

१. नगरपालिका क्षेत्र भित्र कुनै व्यक्तिले घर पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा वहाल रकममा वहाल कर लगाईने छ ।

२. उपदफा १ बमोजिम लगाईने घर जग्गा वहाल करको दर अनुसुचि ५ मा उल्लेख भए वमोजिम हुने छ ।

३. उपदफा १ वमोजिम वहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घर जग्गा रहेको स्थान तथा सँरचनाको प्रकारको आधारमा न्युनतम वहाल मुल्य तोकि सोहि आधारमा वहाल रकम निर्धारण गरी कर असुल गर्ने छ । कार्यपालिकाले निर्धारण गर्न सक्नेछ ।

४. यस दफा वमोजिम लिईने करका लागि कार्यपालिकाले आवश्यक नियम वा कार्यविधि वनाउन सक्ने छ ।

५. घर जग्गा बहाल कर असुलिलाई प्रभावकारी वनाउन वडा स्तरमानै कर असुलि लाई कार्यान्वयन गरिने छ ।

६. वहाल कर सम्वन्धी अन्य व्यवस्था महालक्ष्मी नगरपालिकाको नगर सभा/नगर कार्यपालिकाले निर्णय गरे वमोजिम हुने छ ।

**५. विज्ञापन कर :**

१. नगरपालिका क्षेत्र भित्र व्यावसायिक प्रचार प्रसारका उदेश्यले राखिने विज्ञापन वा प्रचार प्रसारका सामाग्री हरु जस्तैः साईन वोर्ड, डिस्प्ले वोर्ड, स्टल, व्यानर, गेट, प्रचा, पम्प्लेट, पेन्टीङ, माइकिङ आदिमा अनुसुचि -६ वमोजिम विज्ञापन कर तथा अनुमति शुल्क लगाईने र असुल उपर गरिने छ ।

२.अनुसुचि ६ को प्रयोजनको लागि मुख्य क्षेत्र भन्नाले रामवजार, जीतपुर वजार क्षेत्र, चित्रे वजार क्षेत्र, चानुवा वजार, डाँडाँ गाउ चोक, दमार चोक, अहाले चोक, घुमाउने चोक, मुलखर्क चोक, निगाले चोक ,नेता चोक, देउराली आसपासको दाँया वायाँ १०० मिटर भित्र सम्मको क्षेत्रलाई सम्झनु पर्दछ ।

३. नगर क्षेत्रमा निजि घर जग्गा तथा सार्वजनिक स्थलमा राखिने सवै प्रकारका विज्ञापन प्रचार प्रसार तथा सुचना सामाग्री राख्नु पुर्व नगरपालिकाको स्विकृति लिएर मात्र राख्नु पर्ने छ ।स्वीकृति विना राखिएका विज्ञापन प्रचार प्रसार तथा सुचना सामाग्री नगर कार्यपालिकाको कार्यालयले हटाउन सक्नेछ ।

४. विज्ञापन कर सँकलनको कार्य नगर कार्यपालिकाको कार्यालयले ठेक्का मार्फत गर्न सक्ने छ । विज्ञापन कर नवुझाउने र स्वीकृत नलिई राखिएका विज्ञापनका व्यानर तथा विभिन्न वोड ,प्रचार प्रसार तथा सुचना सामाग्री हटाउन ठेकेदारले कार्यालवाट अनुमति लिई कार्य गर्न सक्ने छ ।

५. उपदफा १ वमोजिमको कर उठाउनको लागि आवस्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्ने छ ।

६. यस दफा वमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर वापतको रकम प्रचलित सँघीय र प्रदेश कानुन वमोजिम प्रदेश र सँघमा वाडफाँड गरिने छ ।

७. प्रचलित कानुनले निषेधित गरेका वस्तु तथा कारोवारको प्रचार प्रसार सामाग्री राख्न पाईने छैन ।

८. जनहितमा जारी सुचना वा सामाजिक दायित्व र लोकहितमा जारी सुचना हरु समेत राख्नु पुर्व स्वीकृति लिनु पर्ने छ ।

९. एकपटक होडीङ वोड राख्न दिएको अनुमति एक आर्थिक वर्षका लागि मात्र मान्य हुने छ ।सोका लागि प्रत्येक वर्ष अनुमति लिनु पर्ने छ ।अनुमति नलिएका वोर्डहरु कार्यालयले हटाउने वा अन्य सामाग्री राख्न प्रयोग गर्न सक्ने छ ।यसरी अनुमति नलिएका वा नविकरण नगरिएका वोर्डहरुमा कार्यालयले प्रचार सामाग्री राख्न दिदा सामाग्री राख्ने अवधिको आधारमा छुट्टै भाँडा लिईने छ ।

१०. होडिङ वोर्ड लगाएतका प्रचार सामाग्री राख्न अनुमती दिने सम्वन्धमा छुट्टै कार्यविधि वनाई लागु गरीने छ ।

११. कार्यविधि नवने सम्म यसै ऐन वमोजिम कर र भाँडा असुलि गरिने छ ।

**६. व्यावसाय कर :**

**१.**नगरपालिका क्षेत्र भित्र व्यापार, व्यावसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यावसाय कर लगाईने र असुल उपर गरिने छ ।

२. व्यापार, व्यावसाय तथा सेवा सँचालन गर्न चाहने व्यक्ति वा सँस्थालाई फर्म व्यावसाय दर्ता गरीने छ। दर्ता गरेका फर्म/व्यावसायिले उपदफा १ वमोजिम वार्षिक रुपमा व्यावसाय कर चुक्ता गर्नु पर्ने छ ।

३. उपदफा १ र २ वमोजिम करको दर अनुसुचि ३ मा तोके बमोजिम हुने छ ।

४. यस दफा वमोजिम दर्ता इजाजत विना नगरपालिका क्षेत्र भित्र कुनै पनि फर्म उद्योग, व्यापार ,व्यावसाय तथा सेवा सञ्चालन गर्न पाईने छैन ।

५. महिला तथा पुर्ण अपाङ्गता भएका व्यक्ति प्रोपाईटर हुने गरी नयाँ दर्ता गरीने व्यवसायमा सुरु दर्तामा लाग्ने करमा २५ % कर रकम छुट दिइने छ ।

६. यस दफा वमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कानुन तथा कार्यविधि राजश्व परामर्श समितिको सिफारिसमा कार्यापालिकाको निर्णय बमोजिम हुनेछ ।

७. लामो समय देखी नगरपालिकामा दर्ता नभई वा दर्ता भएर पनि कर वुझाउन वाँकी रहेका करदाता हरुका लागि एक पट्कका लागि आर्थिक वर्ष ०७९/०८० सम्म लाग्ने जरिवाना रकम मिनाहा गरी एकमुस्ट कर रकम असुलिको व्यवस्था गरी करदातालाई नियमित गराईने छ ।सोका लागि २०८० साल पौष मसान्त सम्मको समयावधि दिईने छ ।

८. व्यवसाय दर्ता नगरी सँचालनमा रहेका व्यावसाय दर्ता गराउन तथा दर्ता गरिएका व्यवसायको कर असुलि (व्यवसाय नविकरण)का लागि कर सँकलन टोली स्थलगत रुपमा खटाउन सकिने छ । यसरी खटाएको कर सँकलन टोली मार्फत दर्ता नगरी सँचालनमा रहेका व्यावसाय दर्ता गर्नु तथा चालु आर्थिक वर्ष भन्दा अगाडिको आर्थिक वर्षको कर वुझाउन बाँकी रहेको भएमा ७ दिन भित्र कर चुक्ता गर्नु सम्वन्धित व्यवसायीको कर्तव्य हुने छ ।

९. नेपाली नागरिकता विना व्यवसाय दर्ता गर्ने व्यवसायीको हकमा २ वर्षको व्यवसाय कर वरावरको रकम धरौटी लिई दर्ता गरीने छ । गत आर्थिक वर्षमा कर चुक्ता नभएका त्यस्ता व्यवसायको आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना पछि धरौटी जफत गरी स्वत लगत कट्टा गरीने छ र नियमित रुपमा कर चुक्ता गरिरहेको व्यवसायको हकमा यदि व्यवसाय वन्द वा हक हस्तान्तरण गर्ने भएमा निजको धरौटी रकम फिर्ता दिईने छ ।

१०. कुनै अस्थाई व्यवसाय प्रयोजनका लागि वा प्रचार प्रसार र प्रमोसन गर्ने उदेश्यले कुनै चोक वा सार्वजनिक स्थलमा अनुमति लिई छोटो अवधिका लागि शुल्क लिई स्टल राख्न अनुमति दिईने छ ।

**७. जडीवुटि कवाडी र जिवजन्तु कर :**

१. नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा सँस्थाले उन, खोटो, जडीवुटि, कवाडी माल, र प्रचलित कानुनद्वारा निषेध गरीएका जिवजन्तु वाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड,सिङ,प्वाख, छाला जस्ता वस्तुको व्यवसायीक कारोवार गरेवापत अनुसुचि-७ वमोजिम जडिवुटी,कवाडी तथा जिवजन्तु कर लगाईने र असुल उपर गरीने छ ।

**स्पष्टीकरण : यस दफा को प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा विजक वा लेन देन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र नगरपालिकाले कर लगाउँदा कारोवार भएको परिमाणको आधारमा तोकीएको दर बमोजिम लगाउने छ ।**

२. उपदफा १ वमोजिमका वस्तुको व्यवसायीक कारोबार गर्ने व्यक्ति वा सँस्थालाई नगरपालिकाले फर्म व्यावसाय ईजाजत दिदा कर वुझाउने शर्त र विधि समेत तोकि इजाजत दिईने छ ।

३. यो कर सम्वन्धीत व्यवसायीले कर चुक्ता गरेपछी वा छुट पुर्जी लिएपछी मात्र कारोवार स्थलवाट सामान वाहिर लैजान पाईने छ । अन्यथा पाईएमा दण्डनिय हुने छ ।

४. यो कर सँकलन ठेक्का प्रकृयावाट गर्न सकिने छ ठेकेदारले आफ्नो कार्यालयको ठेगाना र सम्पर्क नम्वर सम्बन्धीत व्यवसायीलाई उपलब्ध गराउनु निजको कर्तव्य हुने छ ।

५. वजार क्षेत्र र छिमेकी तथा सधियार लाई असर पर्ने गरी कवाडी व्यवसाय गर्न पाईने छैन उजुरी वा गुनासो आएको छ महिना भित्र व्यवस्थापन गर्नु पर्ने छ ।

**८. सवारी साधन कर:**

१. नगरपालिका क्षेत्र भित्रका तिन पाङग्रे सवारी साधनमा कर लगाईने र उठाईने छ ।

२. उपदफा १ वमोजिम लागाईने सवारी साधनको दर्ता शुल्क रुट प्रमिट शुल्क र वार्षिक सवारी साधन करको दर कानुन बमोजिम हुने छ ।तर उपदफा १ र २ वमोजिम कर संकलनको जिम्मेवारी प्रदेश सरकारद्वारा यस नगरपालिकालाई प्राप्त भए पछी मात्र कार्यान्वयन गरीने छ ।

**९. मनोरञ्जन कर :**

१. नगरपालिका क्षेत्र भित्र रहेका चलचित्र घर साँस्कृतिक प्रर्दशन हल संगित स्थल नाटक घर, फोन पार्क, बाल उद्यान,हाट वजार,मेला मनोरञ्जन प्रदर्शन स्थल जादु, सर्कस, चटक जस्ता मनोरन्जन व्यवसाय सेवामा प्रदेश कानुनले तोके वमोजिमको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिने छ ।

२. उपदफा १ वमोजिम नगरपालिकाले उठाएको मनोरञ्जन कर वापतको रकम प्रचलित कानुन वमोजिम प्रदेश सँग वाँडफाँड गरीने छ । अन्य ब्यवस्था राजश्व परामर्श समितिको सिफारीसमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

३. नगरपालिका क्षेत्र भित्र कुनै किसिमको विशेष उत्सव, महोत्सव, मेला आदिको अनुमती दिदा लिईने दस्तुर कार्यपालिकाले निर्धारण गरेवमोजिम हुने छ ।अनुमति दस्तुर वापतको रकम नगरपालिकाको राजश्व वाँडफाँड खातामा जम्मा हुने छ ।

४. नरपालिका क्षेत्र भित्र छोटो अवधिका लागि व्यावसायिक रुपमा प्रर्दशन गरीने चलचित्र, सांस्कृतिक प्रर्दशन, सांगितिक कार्यक्रम, नाटक, मनोरञ्जन प्रर्दशन, जादु, सर्कस, चटक जस्ता क्रियाकलापमा रु. २५००(दुई हजार पाँच सय मात्र )शुल्क लिई उपयुक्तताको आधारमा स्वीकृती प्रदान गरीने छ ।

**१०. पार्किङ शुल्क :**

१. नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ स्थलमा स्टेन्ड लगाउने वा पार्किङ गर्ने सार्वजनिक यातायातका सवारी साधनहरुमा पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसुचि ८ मा उल्लेख भए वमोजिमको दरमा पार्किङ शुल्क लगाउने र असुल उपर गर्ने छ ।

२. नगरपालिकाले उपदफा १ वमोजिम तोकिएको स्थान बाहेक अन्य स्थानमा सवारी पार्किङ शुल्क लाग्ने छैन ।

३. पार्किङ शुल्क संकलनको लागि वार्षिक पार्किङ शुल्क चुक्तालाई विशेष जोड दिईने छ ।

४. श्रावण महिना भरी पार्किङ शुल्कको वार्षिक रकम वुझाउन सम्बन्धीत व्यवसायीलाई सुचित गरीने छ ।श्रावण महिना भित्र वार्षिक शुल्क नवुझाउने सवारी साधनको हकमा भाद्र महिना देखी दैनिक पार्किङ शुल्क असुल गरिने छ ।

५. नगरमा पर्यटकको रुपमा आउने पर्यटकहरुका सबै सवारी साधनहरुमा सवै किसिमको कर वा शुल्क छुट गरीएको छ । यसै गरी नगरमा आयोजना हुने विभिन्न धार्मिक, सांस्कृतिक, पर्यटकिय वा यस्तै प्रकृतिका कार्यक्रममा सहभागी हुने कुनै किसिमका सवारी साधनहरुमा कुनै पनि क्लब वा

आयोजक वा संघ संस्थाका नामबाट कर वा शुल्क लिन पाईने छैन । अनाधिकृत कर वा शुल्क संकलन कार्य दण्डनिय हुने छ ।

तर सवारी साधनको सुरक्षा प्रयोजनको लागि अभिलेख व्यवस्था सहित नगरपालिकाबाट अनुमति लिई सेवा शुल्क लिईन सकिने छ ।

६. यस सम्बन्धि अन्य व्यवस्था कार्यपालिकाले निर्णय गरेवमोजिम हुने छ ।

**११. बहाल विरौटी शुल्कः**

१. नगरपालिकाले आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका देहाय वमोजिमका सम्पतिहरुमा अनुसुचि-९ वमोजिमको दरमा बहाल विरौटी शुल्क लगाउन र उठाउन सक्ने छ :

क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन,जग्गा वा अन्य सम्पति

ख) आफ्नो रेखदेखमा रहेका सार्वजनिक स्थल, ऐलानी जग्गा वा वाटोको छेउका जग्गामा भएका अस्थायी टहरा, छाप्रा वा पसल वा आवास,

ग) नगरपालिकाले तोकेका सार्वजनिक स्थल, हाटवजार, मेला, जात्रा आदीमा थापेका पसल,स्टल ।

२. उपदफा १ को खन्ड क बमोजिमको सम्पतिमा लाग्ने वहाल विरौटी सम्झौतामा उल्लेख भए वमोजिमको दरमा संकलन गरीने छ ।

३.उपदफा १ को खन्ड ख र ग वमोजिमको सम्पतिमा वहाल विरौटी शुल्क वोलपत्र वा दरभाउ पत्र वा बोल बडाबडको माध्यमबाट वा ठेक्का प्रकृया बाट संकलन गरीने छ ।

४. उपदफा ३ वमोजिम वहाल विरौटीमा दिदा शर्त सहित सम्झौता गर्नुपर्नेछ ।

**१२. सेवा शुल्क, दस्तुर : यस सम्बन्धी कर अनुसुची ४ बमोजिम हुनेछ ।**

१. नगरपालिकाले आफ्नो क्षेत्र भित्र सँचालनमा रहेका ट्रेकिङ, वञ्जिजम्प, र्‍याफ्टिङ, प्याराग्लाईडिङ लगायतका स्थानिय पर्यटन मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाईने र असुल उपर गरिने छ ।

तर सिमा नदी वा अर्को स्थानिय तहको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यवसायमा सेवा शुल्क लगाउदा सम्वन्धी स्थानिय तह संघ समन्वय गरी लगाईने छ ।

२. नगरपालिकाले निर्माण वा सञ्चालन तथा व्यवस्थापन गरेका स्थानिय पुर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरेवापत सम्बन्धीत सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क दस्तुर लगाईने र असुल उपर गरीने छ ।

क)खानेपानी, विजुली, अतिथिगृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

ख) फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास ,सडक बत्ती जस्ता सेवा सुविधा ,

ग) शौचालय, पार्क, स्नान गृह, पौडी पोखरी, व्यायामशाला, गेस्ट हाउस, पर्यटकीय स्थल, छात्रावास ,हाटवजार, पशु वधशाला, सव दाहा गृह, धोवीघाट र त्यस्तै अन्य सुविधा;

घ) सडक, बसपार्क, ढल, पुल जस्ता सेवा ;

ङ) अचलसम्पती वा अन्य कुनै विषयको मुल्याङकन सम्वन्धी सेवा,

च) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवम धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क,

३.नगरपालिकाले सहकारी सँस्था एफ.एम.रेडियो, (घ)वर्गको निर्माण व्यवसायी ईजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ सेन्टर औषधी पसल, व्यापारिक फर्मको दर्ता अनुमति नविकरण तथा नियमन आदिमा सेवा शुल्क दस्तुर तोकी लगाउने र उठाउने छ ।

४. नगरपालिकामा सामान ढुवानी गर्ने ढुवानीका साधनहरु र निजि विद्यालयले सञ्चालन गरेका स्कुल बसमा पुर्वाधार (सडक) उपयोग सेवा शुल्क लागु गरीने छ । यस्ता सवारी साधनमा पटके, पार्किङ जस्ता अन्य शुल्क लागु गरिने छैन ।

**१३. प्राकृतिक स्रोत विक्रि शुल्कः**

१. नगरपालिकाले आफ्नो क्षेत्र भित्र वातावरणीय प्रभाव मुल्याङकन र प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकीएको परिणाममा ढुङ्गा, गिट्टी, माटो वा काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवम खानीजन्य वस्तुहरुको विक्रि गर्न सक्नेछ ।विक्रि शुल्क अनुसुचि १० बमोजिम हुने छ ।

२. कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलाम विक्रि गर्न सक्ने छ ।

३. कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा शुल्क तोकी विक्री गर्न सक्ने छ ।

४. उपदफा १ बमोजिमका बस्तुहरु विक्रि तथा उपदफा २ वमोजिमको निकाशी शुल्क असुलिको लागि विक्रि तथा निकाशीको परिणाम तथा दर निर्धारण गरी बोलपत्र, दरभाउपत्रको माध्यम वाट गरीने छ ।

**१४. दण्ड जरिवानाः**

१. नगरपालिकाले निर्धारण गरेको कर ,शुल्क ,दस्तुर तथा महशुल तोकिएको समयमा बुझाउन नआएमा देहाय वमोजिमको जरिवाना सहित वक्यौता असुल उपर गरीने छ ।

क) नगरपालिका कार्यालयलाई तिर्न वा वुझाउन वाँकि बक्यौतामा गत आवका लागि १०% र त्यस अघिका वर्षहरुमा क्रमश थप १०% वृद्धिका दरले जरिवाना असुल उपर गरिने छ ।

ख)नगरपालिकाले दफा १ बाहेक प्रचलित कानुन पालना नगरेको कसुरमा लगाउने अन्य दन्ड जरिवाना रकम सम्बन्धि संघीय तथा प्रदेश कानुनमा तोकिए वमोजिम हुने छ ।

ग) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा सँस्थाले उन खोटो, जडिवुटी,कवाडी माल र प्रचलित कानुन द्वारा निषेध गरिएका जिवजन्तु वाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता वस्तुको व्यवसायीक कारोवार गरेवापत नगरकार्यपालिकालाई वुझाउनु पर्ने अनुसुचि ९ बमोजिम जडीवुटी, कवाडि, जिवजन्तु कर नबुझाइ निकासी गर्न लागेको सवारी साधनलाई जरिवाना गरी असुल उपर गरिने छ ।

घ)नियमानुसार ठेक्का स्वीकृत भै चलान पुर्जि नपाए सम्म वा उत्खनन् गर्न नपाईने क्षेत्रमा ढुङ्गा गिट्टि वालुवा उत्खनन् गरेमा त्यस्तो सामान उत्खनन्मा प्रयोग हुने सामाग्री र ढुवानी गर्ने साधन नियन्त्रणमा लिई जरिवाना गरी असुल उपर गरीने छ ।

**१५. अन्य कर सम्बन्धी ब्यवस्थाः**

१. अन्य कर सम्बन्धी ब्यवस्था अनुसुचि ११ बमोजिम हुने छ ।

**१६. प्रचलित ऐन वमोजिम हुने**

१ यस ऐनमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरीएको भएतापनी यस ऐनमा उल्लेख गरीएका विषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित संघीय, प्रदेश तथा स्थानिय कानुनमा ब्यवस्था भए वमोजिम हुने छ ।

**१७. खारेजी र बचाउँ**

१ महालक्ष्मी नगरपालिकाको आर्थिक ऐन, २०७९ खारेज गरीएको छ ।

२ यो ऐन जारी हुनु अघी भएका सम्पूर्ण कार्यहरु यसै ऐन वमोजिम भए गरेको मानिने छ ।

**प्रमाणित गर्ने**
**धुव्रराज राया**
**नगर प्रमुख**

अनुसूची -१

स्थानिय सरकार सँचालन ऐनको दफा (५५) सँग सम्बन्धित

नगरपालिकाले आफ्नोक्षेत्रभित्र लगाउन सक्ने सम्पत्ति करको दररेट

| क.सं. | मूल्यांकन रकम | | | | एकीकृत सम्पत्तिकरवार्षिक रु. |
|---|---|---|---|---|---|
| १ | १ | देखि | १ लाख २५हजार | सम्म | 27.5 |
| २ | १ लाख २५ हजार १ | देखि | १ लाख ५०हजार | सम्म | 33 |
| ३ | १ लाख ५०हजार १ | देखि | १ लाख ७५हजार | सम्म | 38.5 |
| ४ | १ लाख ७५हजार १ | देखि | २ लाख | सम्म | 44 |
| ५ | २ लाख १ | देखि | २ लाख २५हजार | सम्म | 49.5 |
| ६ | २ लाख २५हजार १ | देखि | २ लाख ५०हजार | सम्म | 55 |
| ७ | २ लाख ५०हजार १ | देखि | ३ लाख | सम्म | 66 |
| ८ | ३ लाख १ | देखि | ३ लाख ५०हजार | सम्म | 77 |
| ९ | ३ लाख ५०हजार १ | देखि | ४ लाख | सम्म | 88 |
| १० | ४ लाख १ | देखि | ४ लाख ५०हजार | सम्म | 99 |
| ११ | ४ ला ख५०हजार १ | देखि | ५ लाख | सम्म | 110 |
| १२ | ५ लाख १ | देखि | ६ लाख | सम्म | 132 |
| १३ | ६ लाख १ | देखि | ७ लाख | सम्म | 154 |
| १४ | ७ लाख १ | देखि | ८ लाख | सम्म | 176 |
| १५ | ८ लाख १ | देखि | ९ लाख | सम्म | 198 |
| १६ | ९ लाख १ | देखि | १० लाख | सम्म | 220 |
| १७ | १० लाख १ | देखि | १२ लाख | सम्म | 275 |
| १८ | १२ लाख १ | देखि | १४ लाख | सम्म | 308 |
| १९ | १४ लाख १ | देखि | १६ लाख | सम्म | 352 |
| २० | १६ लाख १ | देखि | १८ लाख | सम्म | 396 |
| २१ | १८ लाख १ | देखि | २० लाख | सम्म | 440 |
| २२ | २० लाख १ | देखि | २२ लाख | सम्म | 550 |
| २३ | २२ लाख १ | देखि | २४ लाख | सम्म | 687.5 |
| २४ | २४ लाख १ | देखि | २६ लाख | सम्म | 825 |
| २५ | २६ लाख १ | देखि | २८ लाख | सम्म | 962.5 |
| २६ | २८ लाख १ | देखि | ३० लाख | सम्म | 1100 |
| २७ | ३० लाख १ | देखि | ३४ लाख | सम्म | 1320 |
| २८ | ३४ लाख १ | देखि | ३८ लाख | सम्म | 1815 |
| २९ | ३८ लाख १ | देखि | ४२ लाख | सम्म | 2310 |
| ३० | ४२ लाख १ | देखि | ४६ लाख | सम्म | 2805 |
| ३१ | ४६ लाख १ | देखि | ५० लाख | सम्म | 3300 |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२ | ५० लाख १ | देखि | ६० लाख | सम्म | 3850 |
| ३३ | ६० लाख १ | देखि | ७० लाख | सम्म | 4950 |
| ३४ | ७० लाख १ | देखि | ८० लाख | सम्म | 6050 |
| ३५ | ८० लाख १ | देखि | ९०लाख | सम्म | 8250 |
| ३६ | ९० लाख १ | देखि | १करोड | सम्म | 9350 |
| ३७ | १ करोड १ | देखि | १ करोड २०लाख | सम्म | 11000 |
| ३८ | १ करोड २०लाख १ | देखि | १ करोड ४०लाख | सम्म | 13200 |
| ३९ | १ करोड ४०लाख १ | देखि | १ करोड ६०लाख | सम्म | 15400 |
| ४० | १ करोड ६०लाख १ | देखि | १ करोड ८०लाख | सम्म | 17600 |
| ४१ | १ करोड ८०लाख १ | देखि | २ करोड | सम्म | 19800 |
| ४२ | २ करोड१ | देखि | २ करोड ५०लाख | सम्म | 24200 |
| ४३ | २ करोड ५० लाख १ | देखि | ३ करोड | सम्म | 30800 |
| ४४ | ३ करोड १ | देखि | ३ करोड ५०लाख | सम्म | 38500 |
| ४५ | ३ करोड ५०लाख १ | देखि | ४ करोड | सम्म | 46200 |
| ४६ | ४ करोड १ | देखि | ४ करोड ५०लाख | सम्म | 55000 |
| ४७ | ४ करोड ५०लाख १ | देखि | ५करोड | सम्म | 66000 |
| ४८ | ५ करोड १ देखि माथि | | | | रु. ३ प्रतिहजार |

माथि उल्लेखितमालपोत कर बक्यौतोको अवधि हेरी पहिलो वर्ष ५ (पाँच)प्रतिशत, दोश्रो वर्ष १० (दश) प्रतिशत, तेश्रो वर्ष १५ (पन्ध्र) प्रतिशत र बाँकीजुनसुकै अवधिको लागि २०(बीस)प्रतिशतजरिवाना लिने ।

अनुसुची २

स्थानिय सरकार सँचालन ऐनको दफा (५६) बमोजिम

बारी वा पाखो

| जगगाकोप्रकार | ५ रोपनी न्यूनतम रु | ६-२०सम्म प्रतिरोपनी रु. | २१-३० सम्म प्रतिरोपनी रु. | ३१-४०सम्म प्रतिरोपनीरु. | ४१-५०सम्म प्रतिरोपनीरु | ५१-७० सम्म प्रतिरोपनी | माथिसम्मप्रतिरोपनी रु. |
|---|---|---|---|---|---|---|---|
| अब्बल | 55 | 17 | 19 | 22 | 28 | 33 | 55 |
| दोयम | 55 | 15 | 18 | 20 | 24 | 28 | 50 |
| सिम | 44 | 14 | 17 | 18 | 22 | 25 | 44 |
| चाहार | 44 | 13 | 16 | 17 | 19 | 22 | 39 |

| खेत | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| खेतको प्रकार | ५ रोपनी न्यूनतम रु | ६-२० रोपनी प्रतिरोपनीरु | २१-३० रोपनी रुप्रतिरोपनी | ३१-४० रोपनी रु | ४१-५० रोपनीप्रतिरोपनी रु | ५१-७० रोपनी रु | ७१ रोपनी माथिप्रतिरोपनी रु |
| अब्बल | प्रतिरोपनी रु ३० | | | | | | |
| दोयम | 55 | 20 | 23 | 29 | 35 | 44 | 55 |
| सिम | 50 | 18 | 22 | 26 | 33 | 40 | 50 |
| चहार | 44 | 15 | 20 | 24 | 29 | 33 | 44 |

माथि उल्लेखितमालपोत कर बक्यौतोको अवधि हेरी पहिलो वर्ष ५ (पाँच)प्रतिशत, दोश्रो वर्ष १० (दश) प्रतिशत, तेश्रो वर्ष १५ (पन्ध्र) प्रतिशत र बाँकीजुनसुकै अवधिको लागि २०(बीस)प्रतिशतजरिवाना लिने ।

**अनुसूची - ३**

**स्थानिय सरकार साँचालन ऐनको दफा ५८ सँगसम्बन्धित**

**नगरपालिकाले आफ्नोक्षेत्रभित्र लगाउन सक्ने व्यवसाय कर**

| क.सं. | विवरण | प्रकार दर्ता शुल्क | करको दर रु. | नविकरण शुल्क |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | खुद्रा किराना पसल | क श्रेणी -२० लाख भन्दा माथि | २२००/- | १५०० |
| | | ख श्रेणी - १० लाख देखी २० लाख सम्म | १६५०/- | १००० |
| | | ग श्रेणी - १० लाख सम्म | ११००/- | ५०० |
| २ | थोक किराना | क श्रेणी -१५ लाख माथि | २७५०/- | १५०० |
| | | ख श्रेणी - १५ लाख सम्म | २२००/- | १००० |
| | | ग श्रेणी - १० लाख सम्म | १६५०/- | ५०० |
| ३ | होटल एण्ड लज | क श्रेणी | ३०००/- | २००० |
| | | ख श्रेणी | २०००/- | १५०० |
| | | ग श्रेणी | १५००/- | १००० |
| ४ | होटल | क श्रेणी | २०००/- | १५०० |
| | | ख श्रेणी | १५००/- | १००० |
| | | ग श्रेणी | १०००/- | ५०० |
| ५ | लज व्यवसाय | क श्रेणी | १५००/- | १००० |
| | | ख श्रेणी | १०००/- | ५०० |
| ६ | रिसोर्ट | क श्रेणी | ५५००/- | २५०० |
| | | ख श्रेणी | ४०००/- | १५०० |
| ७ | रेष्टुरेन्ट | क श्रेणी | २०००/- | १५०० |
| | | ख श्रेणी | १५००/- | १००० |
| | | ग श्रेणी | १०००/- | ५०० |
| ८ | चिया नास्ता पसल | क श्रेणी | ७००/- | ५०० |
| | | ख श्रेणी | ५००/- | ३०० |
| ९ | कपडा पसल | क श्रेणी | २०००/- | १५०० |
| | | ख श्रेणी | १५००/- | १००० |
| | | ग श्रेणी | १०००/- | ५०० |
| १० | फेन्सी तथा तयारी पोशाक | क श्रेणी | २०००/- | १५०० |
| | | ख श्रेणी | १५००/- | १००० |
| | | ग श्रेणी | १०००/- | ५०० |
| ११ | कस्मेटिक पसल | क श्रेणी | २०००/- | १५०० |
| | | ख श्रेणी | १५००/- | १००० |
| | | ग श्रेणी | १०००/- | ५०० |
| १२ | निर्माण सामग्री तथा हार्डवेयर पसल | क श्रेणी | ५,०००/- | ३००० |
| | | ख श्रेणी | ४०००/- | २००० |
| | | ग श्रेणी | ३०००/- | १५०० |

| | | | | |
|---|---|---|---|---|
| १३ | भाडावर्तन पसल | क श्रेणी | २०००/- | १००० |
| | | ख श्रेणी | १५००/- | ५०० |
| १४ | सुनचाँदी आदि गहना बनाउने तथा बिक्री गर्ने | क श्रेणी | ६०००/- | ३००० |
| | | ख श्रेणी | ४०००/- | २००० |
| | | ग श्रेणी | २०००/- | १००० |
| १५ | पत्रिका तथा पुस्तक पसल तथा स्टेशनरी पसल | क श्रेणी | १५००/- | १००० |
| | | ख श्रेणी | १२००/- | ८०० |
| | | ग श्रेणी | ८००/- | ५०० |
| १६ | फोटो स्टुडियो | क श्रेणी | १०००/- | ५०० |
| | | ख श्रेणी | ८००/- | ३०० |
| | | कलरल्याब मेशिन सहित | २०००/- | १००० |
| १७ | फोटोकपी टेलिफोन सेवा तथा कुरियर्स | क श्रेणी | ८००/- | ५०० |
| | | ख श्रेणी | ५००/- | ३०० |
| १८ | कम्प्युटर प्रशिक्षण | क श्रेणी | २०००/- | १००० |
| | | ख श्रेणी | १५००/- | ८०० |
| | | ग श्रेणी | १०००/- | ५०० |
| १९ | सिलाई बुनाई तथा पेन्टिङ प्रशिक्षण | क श्रेणी | १०००/- | ८०० |
| | | ख श्रेणी | ७००/- | ४०० |
| २० | घडी, रेडीयो क्यासेट बिक्री पसल मोवाइल विक्री तथा डिसहोम | क श्रेणी | २५००/- | १५०० |
| | | ख श्रेणी | २०००/- | १००० |
| | | ग श्रेणी | १५००/- | ५०० |
| २१ | घडी, रेडीयो क्यासेट मर्मत | क श्रेणी | १०००/- | ८०० |
| | | ख श्रेणी | ८००/- | ५०० |
| | | ग श्रेणी | ६००/- | ३०० |
| २२ | मोटरसाइकल मर्मत | क श्रेणी | २०००/- | १००० |
| | | ख श्रेणी | १५००/- | ८०० |
| २३ | ग्रिल सम्बन्धी मर्मत तथा निर्माण | क श्रेणी | १५००/- | ५०० |
| | | ख श्रेणी | १०००/- | ८०० |
| २४ | जुत्ता चप्पल पसल | क श्रेणी | १२००/- | ५०० |
| | | ख श्रेणी | १०००/- | ४०० |
| | | ग श्रेणी | ८००/- | २०० |
| २५ | टेलिभिजन बिक्री डिसहोम डिलरवाल रिचार्ज | क श्रेणी | २०००/- | १५०० |
| | | ख श्रेणी | १५००/- | १००० |
| २६ | चिया, नास्ता, खुद्रा तथा | क श्रेणी | ८००/- | ५०० |

| | | | | |
|---|---|---|---|---|
| | मिश्रित घुम्ती पसल | ख श्रेणी | ५००/- | ३०० |
| २७ | सब्जी पसल | क श्रेणी | १०००/- | ५०० |
| | | ख श्रेणी | ६००/- | ३५० |
| | सब्जी थोक बिक्री | | १५००/- | १००० |
| २८ | मासु पसल | क श्रेणी | १०००/- | ५०० |
| | | ख श्रेणी | ५००/- | ३०० |
| २९ | बिउ बिजन कृषि सामग्री | क श्रेणी | १०००/- | ५०० |
| | | ख श्रेणी | ८००/- | ४०० |
| | | ग श्रेणी | ५००/- | ३०० |
| ३० | सैलुन | क श्रेणी | १५००/- | १००० |
| | | ख श्रेणी | १०००/- | ८०० |
| ३१ | फर्निचर पसल | क श्रेणी | २०००/- | १००० |
| | | ख श्रेणी | १०००/- | ८०० |
| ३२ | टेलर्स | क श्रेणी | १५००/- | १००० |
| | | ख श्रेणी | १०००/- | ८०० |
| | | ग श्रेणी | ७००/- | ५०० |
| ३३ | अधिकृत बिक्रेता | क श्रेणी | ३०००/- | २००० |
| | | ख श्रेणी | २५००/- | १५०० |
| | | ग श्रेणी | २०००/- | १००० |
| ३४ | डीजल, मट्टितेल, पट्रोल पम्प | खुद्रा व्यापारी | ३०००/- | १५०० |
| | डिजल, मट्टितेल, पट्रोल पम्प | पेट्रोल पम्प | ५०००/- | ३००० |
| ३५ | ऊन होजियारी पसल | क श्रेणी | ६००/- | २०० |
| | | ख श्रेणी | ४००/- | १०० |
| ३६ | औषधी पसल | क श्रेणी | २०००/- | १००० |
| | | ख श्रेणी | १५००/- | ८०० |
| | | ग श्रेणी | १०००/- | ५०० |
| ३७ | चटपटे पसल | क श्रेणी | ८००/- | ५०० |
| | | ख श्रेणी | ५००/- | ३०० |
| ३८ | पुल स्नुकर | क श्रेणी | १०००/- | ८०० |
| | | ख श्रेणी | ५००/- | ३०० |
| ३९ | कुटन, पिसन, तेलहन मिल | क श्रेणी | २०००/- | १००० |
| | | ख श्रेणी | १५००/- | ८०० |
| | | ग श्रेणी | १०००/- | ५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४० | हस्तकला सामानको पसल | क श्रेणी | | ८००/- | ५०० |
| | | ख श्रेणी | | ५००/- | ३०० |
| ४१ | फर्निचर उद्योग | क श्रेणी | | २०००/- | १००० |
| | | ख श्रेणी | | १५००/- | ८०० |
| ४२ | पोल्ट्री फर्म | क श्रेणी | | १०००/- | ८०० |
| | | ख श्रेणी | | ५००/- | ३०० |
| ४३ | सबै खाले संकलन व्यवसाय | प्रतिकेजी | | २५ पैसा | |
| ४४ | बिरुवा नर्सरी | क श्रेणी | | १०००/- | ८०० |
| | | ख श्रेणी | | ५००/- | ३०० |
| ४५ | गिफ्ट पसल | क श्रेणी | | १०००/- | ८०० |
| | | ख श्रेणी | | ५००/- | ३०० |
| ४६ | कानूनी तथा प्राविधिक परामर्श | क श्रेणी | | २५००/- | १५०० |
| | | ख श्रेणी | | १५००/- | १००० |
| | | | | | |
| ४७ | वित्तीय सेवा वार्षिक कर आ.व. ०८०।८१ को लागि सम्बन्धित दरमा १०% बढाउने | वाणिज्य बैंक | १०,०००/- | | |
| | | विकास बैंक | ८,०००/- | | |
| | | लघुवित्त संस्था | ७,५००/- | | |
| | | बचत तथा ऋण शहकारी संस्था | १५००/- | | |
| | | उपभोक्ता शहकारी, कृषि तथा दुग्ध शहकारी | १५००/- | | |
| ४८ | जडिबुटी व्यापार/चिराइतो/अलैची | क श्रेणी | २०००/- | | १००० |
| | | ख श्रेणी | १५००/- | | ८०० |
| ४९ | ब्युटी पार्लर | क श्रेणी | १०००/- | | ५०० |
| | | ख श्रेणी | ५००/- | | ३०० |
| ५० | जग्गा खरिद बिक्री व्यवसाय (लेखापढि) | | ३०००/- | | २००० |
| ४९ | मदिरा खुद्रा बिक्री | क श्रेणी | १५००/- | नगरपालिका आएर दर्ता गर्नुपर्ने | १००० |
| | | ख श्रेणी | १०००/- | | ८०० |
| ५० | दुग्ध संकलन केन्द्र | क श्रेणी | २०००/- | | १००० |
| | | ख श्रेणी | १५००/- | | ८०० |
| ५१ | साइबर व्यवसाय | क श्रेणी | १०००/- | | ८०० |
| | | ख श्रेणी | ५००/- | | ३०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५२ | एग्रो फर्म | क श्रेणी | २५००/- | | १५०० |
| | | ख श्रेणी | २०००/- | | १००० |
| ५३ | मनी ट्रान्सफर सेवा | क श्रेणी | २५००/- | | १५०० |
| | | ख श्रेणी | १५००/- | | ८०० |
| ५४ | घरेलु कृषि तथा पशुपालन | क श्रेणी | १५००/- | | १००० |
| | | ख श्रेणी | १०००/- | | ८८०० |
| ५५ | फलफूल पसल | क श्रेणी | १५००/- | | १००० |
| | | ख श्रेणी | १०००/- | | ८०० |
| ५६ | केवलनेटवर्क व्यवसाय | | ५०००/- | | ३००० |
| ५७ | एन. टि.सी. टावर | | ५०००/- | | |
| ५८ | एन.सेल.टावर सहित सेवासञ्चालन | | १५,०००/- | | |
| ५९ | अनलाइन नेटवर्क व्यवसाय | | ३०००/- | | १५०० |
| ६० | दुग्ध जन्य उद्योग | क श्रेणी | ३०००/- | | २००० |
| | | ख श्रेणी | २५००/- | | १५०० |

## निर्माण व्यवसाय/यातायात व्यवसाय

| क.सं. | सवारी साधनको प्रकार | सवारी साधनको क्षमता | वार्षिक दर रु. |
|---|---|---|---|
| १ | स्काभेटर | २०० वा सो भन्दा बढीहर्षपावर | १०,०००/- |
| २ | स्काभेटर | २०० वा सो भन्दा कमहर्षपावर | ७,०००/- |
| ३ | जेसिवी मेशिन, ब्याकहु लोडर | | ५,०००/- |
| ४ | ग्रेडर | | ५०००/- |
| ५ | टिपर | | ५०००/- |
| ६ | टयाक्टर/टयाक्सी | | ५०००/- |
| ७ | टेम्पो | दर्ता रु. १००० बार्षिक नविकरण | १२००/- |

माथिउल्लेखित बाहेकका अन्य व्यवसायहरुलाई व्यवसायको प्रकृत्ति हेरी रु ५००/- देखि५०००/- सम्म लिने । व्यवसाय कर बक्यौताको अवधि हेरी १०% देखि ५०% सम्म जरिवानालिने ।

बार्षिक रुपमा नतिरेमा कर शुल्को अतिरिक्त १० प्रतिशत जरिवाना लिने ।

# अनुसूची - ४

## स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२ सँग सम्बन्धित

| सि.नं. | क्रियाकलापहरु | | प्रति एकाई | आ.व. २०८०/८१ मातोकिएको दर |
|---|---|---|---|---|
| १ | **सेवा शुल्क दस्तुर** | | | |
| | **सार्वजनिक सुविधा उपयोग सेवा शुल्क** | | | |
| १२०१०१ | **सौचालय प्रयोग शुल्क** | | | |
| | १ | दिशा | पटके | १०/- |
| | २ | पिसाव | " | ५/- |
| | ३ | स्नानगृह उपयोग | पटके | ३०/- |
| १२०१०२ | **सरसफाई तथा फोहरमैला व्यवस्थापन शुल्क** | | | |
| | १ | **होटल व्यवसाय** | | |
| | क | क वर्गको व्यवसाय | वार्षिक | १६५०/- |
| | ख | ख वर्गको लागि व्यवसाय दर्ता | वार्षिक | ११००/- |
| | ग | ग वर्गको व्यवसाय दर्ता | वार्षिक | ५५०/- |
| | घ | सानाहोटल रेष्टुराँ र गेष्ट हाउस खाना सहित | वार्षिक | ५५०/- |
| | ङ | साना जलपानगृह, खाजाघर | वार्षिक | ३३०/- |
| | च | मदिरा सहित भएमा थप | वार्षिक | ५५०/- |
| | छ | तरकारी तथा फलफूल पसल | वार्षिक | ११००/- |
| | २ | **अस्पताल र नर्सिङ्ग होम** | | |
| | क | मूख्य बजारकेन्द्रमा अवस्थित | " | २२००/- |
| | ख | सो बाहेक को स्थानमा अवस्थित | " | ११००/- |
| | ३ | **शिक्षण संस्था** | | |
| | क | क्याम्पस | " | २२००/- |

| | | | | |
|---|---|---|---|---|
| | ख | मावि | " | १६५०/- |
| | ग | अन्य निजी विद्यालयहरुको लागि | " | २२००/- |
| | ४ | **अन्यक्षेत्रहरु** | | |
| | क | सरकारी तथा निजी गैरसरकारी कार्यालयहरु | " | १६५०/- |
| | १ | यस ऐनमा अन्यत्र नलेखिएका सबै प्रकारका सरकारी तथा गैर सरकारी सँस्थाको/व्यावसायको शुल्क | " | १५०० |
| | ख | पसल तथा उद्योग | " | ११००/- |
| | ग | ईलेक्ट्रिक पसल | " | ६५०/- |
| | घ | छापाखाना | " | ११००/- |
| | ङ | सञ्चार सम्बन्धी व्यवसाय | " | ५५०/- |
| | छ | ब्यूटी पार्लर र सैलुन | " | ६६०/- |
| | ज | फोटो स्टुडियो | " | ६६०/- |
| | झ | हार्डवेयर पसल | " | ११००/- |
| | ञ | किचेन सामग्री बिक्रेता | " | ६६०/- |
| | ट | फर्निचर बिक्रेता | " | ६६०/- |
| | ठ | काष्ठ उद्योग | " | ६६०/- |
| | ड | कुटनी,पिसानी र पेलानी मिल | " | ६६०/- |
| | ढ | रेडिमेड कपडा पसल | " | ६६०/- |
| | ण | स्टेशनरी पसल-पसल_ | " | ६६०/- |
| | त | जुत्ता चप्पल पसल | " | ६६०/- |
| | थ | जुत्ता सिलाउने पसल | " | ६६०/- |
| | द | छात्रबास | " | ६६००/- |
| | ध | किराना पसल | " | ५५०/- |
| | न | माछा÷मासु पसल | " | १२००/- |
| | प | मोटरसाइकल र साइकल वर्कसप | " | १२००/- |
| | फ | पोल्टी फर्म | " | |
| | | बस्ती नजिक १००मिटर भित्र | " | ६६०/- |
| | | बस्ती नजिक १००मिटर बाहिर | " | ५५०/- |

| | | | | |
|---|---|---|---|---|
| | ब | टेलरिङ्ग | " | ६६०/- |
| | भ | औषधी पसल | " | ६६०/- |
| | म | श्रंगार तथा चुरा पसल | " | ३३०/- |
| | य | अन्य व्यवसाय | " | ६६०/- |
| १२०१०३ | **अन्य सुविधा शुल्कहरु** | | | |
| | क | मोबाइलटावर Ncell | " | ६६००/- |
| | ख | मोबाइलटावर NTC | | ३३००/- |
| | ग | एफएम÷सञ्चारटावर | " | ६६००/- |
| | घ | टेलिभिजनटावर | " | १३२००/- |
| १२०१०४ | **अचल सम्पत्ति मूल्यांकन सेवा शुल्क-वैदेशिक प्रयोजन_** | | | |
| | क | रु १ लाख देखि १० लाख सम्म | | ६०५/- |
| | ख | रु १० लाख देखि २० लाख सम्म | | २४२०/- |
| | ग | रु २० लाख देखि ३० लाखसम्म | | ३०२५/- |
| | घ | रु ३० लाख देखि ५० लाखसम्म | | ३६३०/- |
| | ङ | रु ५० लाख देखि १ करोडसम्म | | ८४७०/- |
| | च | रु १ करोड देखि ५ करोडसम्म | | ०.२०% |
| | **अचल सम्पत्ति मूल्यांकन सेवा शुल्क-बैंकिङ्ग प्रयोजन** | | | |
| | क | रु १ लाख देखि १० लाख सम्म | | ५५०/- |
| | ख | रु १० लाख देखि २० लाख सम्म | | १६५०/- |
| | ग | रु २० लाख देखि ३० लाखसम्म | | २२००/- |
| | घ | रु ३० लाख देखि ५० लाखसम्म | | २७५०/- |
| | ङ | रु ५०लाख देखि १ करोडसम्म | | ५५००/- |
| १२०१०५ | **दर्ता र नविकरण दस्तुर** | | | |
| | १ | **व्यक्तिगत घटना दर्ता** | | |
| | क | प्रमाणपत्र दस्तुर-३६ दिन देखि १ वर्ष | पटक | २००/- |
| | ख | प्रमाणपत्रको प्रतिलिपी | " | ५००/- |
| | २ | कृषि समुह/सस्था दर्ता तथा नविकरण | | ५५०।- |

| | | | | |
|---|---|---|---|---|
| | ३ | यस ऐनमा अन्यत्र नलेखिएका सबै प्रकारका सरकारी तथा गैर सरकारी सँस्थाको/व्यावसायको दर्ता शुल्क | बार्षिक | १५००।- |
| | ४ | यस ऐनमा अन्यत्र नलेखिएका सबै प्रकारका सरकारी तथा गैर सरकारी सँस्थाको/व्यावसायको नविकरण शुल्क | बार्षिक | १५००।- |
| १२०१०६ | **नक्सा पास दस्तुर -नयाँ तथा पुरानो** | | | |
| | १ | माटोजोडाई कच्ची घर निवेदन | | ५५०/- |
| | २ | साविकबमोजिम भवन तथा घर मर्मत स्वीकृति | | ११००/- |
| | ३ | अस्थायीटहरा साधारण | प्रतिफुट | ३/- |
| | ४ | अस्थायीटहरा होटल उद्योग आदि | प्रतिफुट | ६/- |
| | ५ | माटोजोडाई पक्की घर | प्रतिफुट | ३/- |
| | ६ | सिमेन्टजोडाईको पक्कीघर भुइतला | प्रतिफुट | ६/- |
| | ७ | सिमेन्टजोडाईको पक्कीघर पहिलो तलादेखि माथि (नक्सा संसोधनमा पनि) | प्रतिफुट | ९/- |
| | ८ | होटलव्यवसाय र सपिङ्ग कम्प्लेक्सको लागि | प्रतिफुट | ११/- |
| | ९ | निर्माणभईसकेको घरको पछि नक्सा पास गर्दा मापदण्डभित्र रहेछ भने नियमित दस्तुरको अलावाथप | प्रतिफुट | ६/- |
| | १० | कम्पाउण्डवाल सिमेन्ट जोडाई | प्रतिफुट | ३/- |
| | ११ | कम्पाउण्डवालमाटो जोडाई | प्रतिफुट | १/- |
| | १२ | नपा हुनु अगावै निर्माण भएका घरमा तला थप गर्दा पहिलो निर्माण भए जति घरको हकमाप्रमाणित | प्रतिफुट | ३/- |
| | १३ | घरजग्गा नक्सा नामसारी दस्तुर | | ११००/- |
| | १४ | घर निर्माण सरसफाई | | २२००/- |
| १२०१०७ | **सिफारिस तथा बक्सौनी दस्तुर** | | | |
| | **१** | **सामान्य सिफारिसहरु** | | |
| | क | नाम थर संशोधन सिफारिस | गोटा | २७५/- |

| | | | | |
|---|---|---|---|---|
| | ख | नेपाली नागरिकता प्रमाणपत्र - वंशज_सिफारिस | " | २५०/- |
| | ग | नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपी सिफारिस | " | ५५०/- |
| | घ | नेपाली नागरिकता प्रमाणपत्र -विवाहित अंगिकृत र अंगिकृत_सिफारिस | " | ५५०/- |
| | ङ | वैदेशिक प्रयोजनार्थ नाता प्रमाणित | " | ५५०/- |
| | च | संस्था दर्ता सिफारिस | " | ११००/- |
| | छ | संस्था नवीकरण सिफारिस | | ८००/- |
| | ज | साधारण विविध सिफारिस(योजना माग /भुकम्प पुन निर्माण/ असाहय /सिफारिस माग्दा /माग्न आउने लाई कर नलाग्ने) | " | २००- |
| | झ | तिनपुस्ते फोटो टाँस सिफारिस | रोपनी | ३३०/- |
| | ञ | सर्जमिनमुचुल्का | | ५५०/- |
| | ट | व्यवसायदर्ता सिफारिस १ लाख सम्म | | ५५०/- |
| | ट | व्यवसायदर्ता सिफारिस ५ लाख सम्म | | ११००/- |
| | ठ | व्यवसायदर्ता सिफारिस ५ लाख माथि | | १६५०/- |
| | ड | असहाय र अपांग, दैवी प्रकोप, छात्रवृत्तिको सिफारिस | गोटा | छुट |
| | ढ | प्रमाणपत्रमा नाम थर जन्ममिति सच्याएको | पटक | २५०।- |
| | | सवै प्रकारका सामान्य सिफारिस | पटक | ३३०।- |
| | २ | **जग्गा नामसारी सिफारिस** | | |
| | क | मध्यपहाडी राजमार्गले दुवै तर्फका जग्गा सडकबाट २०० मिटरसम्म भित्र | | ५५०/- |
| | ख | अन्यसबै जग्गा | | ३३०/- |
| | ग | थपजग्गा प्रति कित्तामा | | १००/- |
| | ग | छुट जग्गा दर्ताको सिफारिस | " | ५५०/- |
| | ३ | **चारकिल्लाप्रमाणित** | | |
| | घ | चार किल्ला प्रमाणित मध्य पहाडी राजमार्गले छुने दुवै तर्फका२००मीटरभित्र | " | ५५०/- |
| | ङ | कच्चीमोटरबाटो भएका जग्गाहरु | " | ४४०/- |

| | | | | |
|---|---|---|---|---|
| | च | अन्यसबै जग्गाहरु | " | ३३०/- |
| | छ | थपप्रति कित्ता | | १००/- |
| | ज | चार किल्ला प्रमाणित उद्योग र होटल जुनसुकै वडाको | " | २२००/- |
| | झ | अपुतालीसिफारिस | " | ५५०/- |
| | ञ | मोही लगतकट्टा सिफारिस | " | ३३०/- |
| | ट | मोहीनामसारी सिफारिस | " | ५५०/- |
| | ४ | **उद्योगदर्ता सिफारिस** | | |
| | क | रु १० लाख सम्म पूजी भएको | पटक | २२००/- |
| | ख | त्यसपछि प्रति लाखमा थप | " | ५५०/- |
| | ग | डिलरसिपसिफारिस | " | ११००/- |
| | ५ | **धारा बिजुली जडान सिफारिस दस्तुर** | | |
| | क | धारा बिजुली जडान सिफारिस | " | ३३०/- |
| | ख | धारा बिजुली नामसारी सिफारिस | " | ३३०/- |
| | ६ | **वार्षिक आम्दानी प्रमाणित दस्तुरः कुल मूल्यांकन दस्तुर** | | |
| | क | वैदेशिक रोजगार वा अध्ययनमा जाने नागरिक वा निजको परिवारकोआम्दानीको मूल्यांकन | प्रतिशत | 0.05 |
| | ख | कृषि प्रयोजनको लागि मूल्यांकित रकमको | प्रतिशत | 0.10 |
| | ग | व्यापारिक प्रयोजनको लागि मूल्यांकित रकमको_ | प्रतिशत | 0.25 |
| | ७ | **घरबाटो प्रमाणित दस्तुरःघरबाटो सिफारिस** | | |
| | ७-१_ | **मध्य पहाडी राजमार्गले छोएको जग्गा** | | |
| | क | एकरोपनी सम्मको लागि | " | ११००/- |
| | ङ | १ रोपनी देखि ५ रोपनी सम्मको लागि | " | १६५०/- |
| | च | ५रोपनी देखि १० रोपनी सम्मको लागि | " | २२००/- |
| | छ | १०रोपनी माथिको लागि | " | २७५०/- |
| | ७-२_ | **कच्ची सडकसँग जोडिएको १५ मिटर क्षेत्रका जग्गा** | | |
| | क | १रोपनी जग्गा सम्मको लागि | " | ७७०/- |
| | ख | १देखि ५ रोपनी सम्मको लागि | " | ११००/- |
| | ग | ५देखि १० रोपनी सम्मको लागि | " | १६५०/- |
| | घ | १०रोपनी माथिको लागि | " | २२००/- |

| | | | | |
|---|---|---|---|---|
| | ७-३_ | ६ मोटरको बाटोसँग जोडिएको जग्गा | | |
| | क | १रोपनी सम्मको लागि | " | ६६०/- |
| | ख | १रोपनीदेखि ५ रोपनीसम्मको लागि | " | ९९०/- |
| | ग | ५रोपनी देखि १० रोपनी सम्मको लागि | " | १३२०/- |
| | घ | १०रोपनी माथि | " | १६५०/- |
| | ७-४_ | **गोरेटो घोडेटो वाटोसंग जोडिएको जग्गा** | " | |
| | क | १रोपनी सम्मको लागि | " | ५५०/- |
| | ख | १रोपनीदेखि ५ रोपनीसम्मको लागि | " | ७७०/- |
| | ग | ५ रोपनी देखि १०रोपनी सम्मको लागि | " | ११००/- |
| | घ | १० रोपनीमाथि | " | १३२०/- |
| | नाता जन्म तथा अन्य प्रमाणित दस्तुर | | | |
| १२०१०८ | | नाताप्रमाणित | पटक | ४४०/- |
| | | जन्मप्रमामणित | " | ३३०/- |
| | | करचुक्ता प्रमाणित | " | ५५०/- |
| | | विवाहित÷अविवाहितप्रमाणित | " | ३३०/- |
| | | दुवैएकै भएको प्रमाणित | " | ३३०/- |
| | | रुख कटान सिफारिस खयर | प्रति किवि | ९०/- |
| | | रुख कटान सिफारिस उत्तिस लगायत कु काठ | प्रतिरुख | ७५/- |
| | | बास प्रतिट्रक/ट्याक्टर | पटक | क्रमस ५००/३०० |
| | | बसाइसराई सामाग्री सहित | | ११००/- |
| | अन्य बिक्री | | | |
| १२०१०९ | १ | निवेदन फाराम | गोटा | १०/- |
| | २ | नाता प्रमाणित निवेदन फारम | " | २५/- |
| | ३ | नागरिकता फाराम | " | १५/- |
| | ४ | नक्सा दर्ता किताब | " | ५००/- |
| | ५ | प्रमाणपत्र | " | ५५०/- |
| | ६ | फोटोकपी | प्रति पेज | रु.५ |
| | ७ | न्यायिक समिति निर्णय प्रतिलिपि (हिंसापिडीत महिला, जेष्ठ नागरिक र अपाङ्गलाइ छुट) | एकमुष्ठ | १०० |
| १२०११० | **नगरपालिकाको ट्याक्टर प्रयोग शुल्क नपा भित्र मात्र** | | | |
| | १ | इन्जिन र ट्याङ्कर प्रयोग (इन्धन सहित) | प्रति दिन | ७०००।- |

| | | | | |
|---|---|---|---|---|
| | २ | इन्जिन र ट्याङ्कर प्रयोग(इन्धन बाहेक) | प्रति दिन | ४५००।- |
| | ३ | ट्याङ्कर | प्रति दिन | २०००।- |
| | ४ | खानेपानी ढुवानी घरायसी प्रयोजन (इन्जिन र ट्याङ्कर सहित) | प्रति टिप | २५००।- |
| | ५ | खानेपानी ढुवानी घरायसी प्रयोजन ( ट्याङ्कर मात्र) | प्रति टिप | ५००।- |
| १२०१११ | १ | **विलम्व शुल्क** | | |
| | क | व्यवसाय कर प्रत्येक वर्ष नबुझाएबापत जरिवाना | वार्षिक | २० प्रतिशत |
| | ख | घरजग्गा कर प्रत्येक वर्ष नबुझाएबापत | वार्षिक | २० प्रतिशत |
| | ग | मालपोत गत आ० व० मा नबुझाएमा | वार्षिक | २० प्रतिशत |
| | २ | **सार्वजनिक स्थानमा निर्माण सामग्री थुपारेबापत** | | |
| | क | दैनिक लाग्ने शुल्क | दिन | २५/- |
| | ख | अन्यथा भएमा जरिवाना | " | ५५/- |
| | ३ | **निषेधित क्षेत्रमा भारी सवारी साधन प्रवेश गरे बापत** | | |
| | क | पहिलो पटक | पटक | ५५०/- |
| | ख | दोश्रो पटक | " | २२००/- |
| | ग | दुई भन्दा बढी पटकको प्रति पटक | " | ५५००/- |
| १२०११२ | **घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र** | | | |
| | १ | इजाजतपत्र दर्ता शुल्क | वार्षिक | ५०००/- |
| | २<br>३<br>४ | नवीकरणशुल्क तोकिएको अवधिमा नआएमा थप बार्षिक १००० जरिवाना<br>इजाजत पत्र प्रतिलिपि<br>नामसारी | वार्षिक<br>पटक<br>पटक | ५०००/-<br>३०००/-<br>३०००/- |

# अन्य प्रशासनिक शुल्क

| क.स. | विवरण | स्विकृत दर रेट | कैफियत |
|---|---|---|---|
| १ | टेन्डर फाराम/शिलबन्दि बोलपत्र फाराम विक्री | ३०००।- | |
| २ | टेन्डर फाराम/शिलबन्दि बोलपत्र फाराम विक्री | १०००।- | |
| ३ | नगदि।सम्पती करको रसिद प्रतिलिपी | १००।- | |

**अनुसूची ५**

**स्थानिय सरकार सँचालन ऐनको दफा ५७ सँगसम्बन्धित**

**नगरपालिकाले आफ्नोक्षेत्रभित्र लगाउन सक्ने घरजग्गा बहाल करको दरः**

| क.सं. | विवरण | प्रतिशत |
|---|---|---|
| १ | यस नगरपालिका क्षेत्रभित्रकुनै घर, पसल, ग्यारेज. गोदाम, टहरा, सेड, कारखाना, जग्गा आदि बहालमा दिएकोमासम्बन्धित धनीबाट बहालकर लिने | १० |

**भवनको कोठा भाडा दर**

| क.स. | विवरण | पटक |
|---|---|---|
| १ | नपाको सभा हल | १५०० |
| २ | नगरपालिकाको सभाहल | २५०० |
| ३ | नगरपालिकाको प्रोजेक्टर भाडा | ५०० |

## अनुसूची - ६

## दफा ५ सँग सम्बन्धित

**विज्ञापन करः**

| | | | |
|---|---|---|---|
| १ | ग्लो साइनबोर्ड,डिपिएस बोर्ड प्रति वर्ग.फिट | रु.५०/- | |
| २ | वाल पेन्ट विज्ञापन प्रति वर्ग फिट | रु.५/- | |
| ३ | ब्यानर प्रतिगोटा-बढीमा एक महिना सम्मको लागि_ | रु.३००/- | |

## अनुसुची -७

## स्थानिय सरकार सँचालन ऐनको दफा ६१ सँग सम्बन्धित

## जडीबुटी, कवाडी र जिवजन्तु कर

| क.स. | विवरण | इकाइ/प्रति | २०८०/८१ |
|---|---|---|---|
| १ | चिरैतो | किलोग्राम | ५ |
| २ | लसुन | किलोग्राम | २ |

| | | | |
|---|---|---|---|
| ३ | अदुवा | किलोग्राम | १ |
| ४ | दाना, रुद्राक्ष मुल्यवान बाहेक | किलोग्राम | १ |
| ५ | रुद्राक्ष २ मुखी | गोटा | ४ |
| ६ | रुद्राक्ष ७ मुखी | गोटा | २ |
| ७ | रुद्राक्ष ८ ९ १० मुखी | गोटा | २० |
| ८ | रुद्राक्ष १२ मुखी | गोटा | ४० |
| ९ | रुद्राक्ष १३ मुखी | गोटा | ८५ |
| १० | रुद्राक्ष १४ मुखी | गोटा | २५० |
| ११ | रुद्राक्ष १५ मुखी | गोटा | २०० |
| १२ | रुद्राक्ष १६ मुखी | गोटा | ३५० |
| १४ | रुद्राक्ष १७ मुखी | गोटा | ९०० |
| १५ | रुद्राक्ष १८ मुखी | गोटा | १९०० |
| १६ | रुद्राक्ष १९ मुखी | गोटा | ५५०० |
| १७ | रुद्राक्ष २० मुखी | गोटा | ९५०० |
| १८ | रुद्राक्ष २१ मुखी | गोटा | २५००० |
| १९ | रुद्राक्ष २२ २३ २४ २५ मुखी | गोटा | १९००० |
| २० | रुद्राक्ष २६ २७ मुखी | गोटा | ३५००० |
| २१ | रुद्राक्ष गौरी पाठ र त्रिपाठ | गोटा | २५०० |
| २२ | रुद्राक्ष गौरीशंकर | गोटा | २५ |
| २३ | रुद्राक्ष | गोटा | २ |
| २४ | मह | किलोग्राम | १ |
| २५ | गुजरगानो | किलोग्राम | १ |
| २६ | एभोकार्डो | किलोग्राम | २ |
| २७ | खोटो | किलोग्राम | ०.५ |
| २८ | खर पराल | ट्रक ट्राक्टर | क्रमशः १००, ८० |
| २९ | अम्रिसो | ट्राक्टर | १०० |
| ३० | साल सिसौ | प्रति ट्रक | २०० |
| ३१ | सीसौ साल बन कार्यालयको चलानी को आधारमा | ट्रक | १००० |
| ३२ | उत्तिस काठ | ट्रक | २०० |
| ३३ | प्लाइ बोर्ड | ट्रक | ५०० |
| ३४ | लकडि काठ | ट्रक | १००० |
| ३५. | खयर | ट्रक | ५०० |

कवाडी

| क्र.स. | विवरण | इकाइ/प्रति | २०८०/८१ |
|---|---|---|---|
| १ | फलामजन्य सामान | किलोग्राम | १.२५ |
| २ | कागजजन्य सामान | किलोग्राम | ०.६० |
| ३ | स्टिलजन्य सामान | किलोग्राम | १.१५ |
| ४ | शिशा वियर वाइनका वोतल | बटा | ०.१५ |
| ५ | शिशा क्वाटर वोतल | | ०.०६ |
| ६ | शिशा फुटेको | | ०.१२ |
| ७ | प्लाष्टिक जन्य सामाग्री | | ०.१० |

जिवजन्तु

| क्र.स. | विवरण | इकाइ/प्रति | २०८०/८१ |
|---|---|---|---|
| १ | ऊन जगर | किलोग्राम | १ |
| २ | प्वाख | किलोग्राम | २ |
| ३ | हाड | किलोग्राम | १ |
| ४ | सिङ्ग | किलोग्राम | २ |
| ५ | खुर | किलोग्राम | २ |
| ६ | छाला सानो | किलोग्राम | १५ |
| ७ | छाला ठुलो | किलोग्राम | ३० |
| ८ | जाबो | किलोग्राम | १ |

## अनुसुची -८
## स्थानिय सरकार सञ्चालन ऐनको दफा ६० सँग सम्बन्धित
## पार्कीङ शुल्क

| क्र.स. | विवरण | बार्षीक दर | दैनिक रु पटके |
|---|---|---|---|
| १ | मोटरसाइकल | | १० |
| २ | टेम्पो | २००० | ४० |
| ३ | पावर टेलर | २००० | ४० |
| ४ | जिप कार मारुति भ्यान भाडाका मात्र | २५०० | ४० |
| ५ | जिप कार मारुती भ्यान निजी प्रयोजन | ५००० | २५ |
| ६ | मिनि बस | ७००० | ५० |
| ७ | बस | ३००० | ५० |

| | | | |
|---|---|---|---|
| ८ | माइक्रो बस | ४००० | ५० |
| ९ | बुलेरो सुमो स्करपीयो | ३००० | २० |
| १० | विशेष कामले आएको सरकारी गाडी | | छुट |
| ११ | मालबाहक ट्रक | | १०० |
| १२ | ट्याक्ट्रर | | ५० |
| १३ | ट्रिपर | | १०० |
| १४. | लो पेड | | १०० |
| १५ | लरी ट्रक | | १०० |

## अनुसुची -९
## स्थानिय सरकार सञ्चालन ऐनको दफा ५९ सँग सम्बन्धित
## बहाल विरौटी कर

| क्र.स. | विवरण | रु दैनिक | कैफियत |
|---|---|---|---|
| १ | भुइमा सामान फिजाइ विक्री गर्ने | १५ | |
| २ | हास कुखुरा परेवा विक्री गर्ने प्रति खोगि | १५ | |
| ३ | डोकामा फलफुल सागसब्जी बेच्ने प्रति डोका | १० | |
| ४ | जुत्ता पालिस गर्ने जुत्ता मर्मत गर्ने | १५ | |
| ५ | घडी बनाउने | १५ | |
| ६ | चटपटे पुच्का वा पकाएर खानेकुरा बेचन् पसल | ३५ | |
| ७ | भुइमा फिजाएर जुत्ता चप्पल विक्री गर्ने | २५ | |
| ८ | भुइमा फिजाएर सृगारवा रेडीमेट वा कपडा विक्री गर्ने | २५ | |
| ९ | माछा मासु विक्री गर्ने पसल नपा बाट स्वीकृती प्राप्त भएका | ३० | |
| १० | साइकलमा मामान विक्री गर्ने | ३० | |
| ११ | माइक लगाएर वा नलगाइ सामान औषधी साबुन लुगा विक्री गर्ने | ५० | |

## बहाल विरौटी ( पशुहाट शुल्क )

| क्र.स. | विवरण | प्रति गोटा | कैफियत |
|---|---|---|---|
| १ | लैनो गाइ | १५० | |
| २ | लैनो भैसि | २०० | |

| | | | |
|---|---|---|---|
| ३ | रागा | २०० | |
| ४ | थारो गाइ वा गोरु | १०० | |
| ५ | ठुलो खसी | २० | |
| ६ | बोका | १५ | |
| ७ | बाख्रा | १५ | |
| ८ | सुँगुर | २० | |
| ९ | सुगुर पाठापाठी | १० | |

## अनुसुची -१०
## प्राकृतिक स्रोत विक्रि शुल्क

| क्र.स. | विवरण | इकाइ/प्रति | ब्यक्तिको लागि | सार्वजनिक स्थलको लागि |
|---|---|---|---|---|
| १ | ढुङ्गा गीटी रोडा ग्रावेल चट्टान स्लेट | प्रतिट्रक/प्रति ट्रयाक्टर | ११०/५५ | ५५०/२२० |
| २ | बालुबा चिप्स | प्रति ट्रक/ प्रति टयकाक्टर | ११०/५५ | ५५०/२२० |
| ३ | माटो वा बलौटे | प्रतिट्रक /प्रति ट्रयाक्टर | ११०/५५ | ५५०/२२० |
| ४ | नदी तथा खोलाले बगाएर ल्याएको काठ दाउरा दहत्तर बहत्तर आदी | प्रतिट्रक / प्रति ट्रयाक्टर | ११०/५५ | ५५०/२२० |

१ ठेक्कामा लगाईने /ठेक्कामा नलागेको र नपरेकोमा माथि उल्लेख भएबमोजिम हुने र ठेक्का लागेकोमा सोही वमोजिम हुने ।
२ यस सम्बन्धी अन्य व्यवस्था राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यापालिकाले गरेको निर्णय वमोजिम हुने छ ।
३. बालुवा गिट्टी लगायत अन्य निर्माणका सामाग्रीहरु नगरपालिकाको सडक हुदै अन्य पालिकाको लागि निकासि तथा ढुवानी गर्ने भएमा प्रति ट्रक/ट्रिपर/टयाक्टर प्रति ट्रिप क्रमस रु.५००,रु ५०० र रु.२०० कर लिने ।

## अनुसुची ११
### अन्य व्यवस्था

नगरपालिका भित्र सँचालित ग्राभेल उद्योग, खानी, सिमेन्ट्को कच्चा पदार्थ उद्योग लगायतका उद्योगले नगरपालिकाको कार्यालयमा नेपाल सरकारको प्रचलित नियम कानुन बमोजिम कर रकम बुझाउनु पर्ने छ ।

- यस सम्बन्धी आबश्यक कार्यविधि वनाई करको दर निर्धारण गर्ने काम नगरकार्यपालिकाले गर्ने छ ।
- राजश्व परामर्श समितिको सिफारिसमा नगरकार्यपालिकाले करको दर निर्धारण गर्ने छ ।

## व्याकहुलोडर /जेसिवि सेवा शुल्क सम्बन्धी ब्यवस्था

१. नरपालिकामा रहेको व्याकहु लोडर नगरपालिका भित्रका वा वाहिरका जो सुकै फर्म/ब्यावसाय/व्यक्ति/सँस्था/ नागरिकले निश्चित शुल्क तिरेर/सम्झौता बमोजिम निश्चित समयका लागि प्रयोग गर्न पाउने छन ।

२. ब्याकहु लोडरको शुल्क दर देहाय बमोजिम हुने छ ।

| क स | विवरण | दर/घन्टा | कैफियत |
|---|---|---|---|
| १ | नगरपालिका क्षेत्र भित्र (निर्माण कार्य) | १५०० | प्रयोग गर्ने पक्ष आफैले इन्धन लगाउनु पर्नेछ । |
| २ | नगरपालिका क्षेत्र वाहिर(निर्माण कार्य) | १७०० | प्रयोग गर्ने पक्ष आफैले इन्धन लगाउनु पर्नेछ । |
| ३ | फसेको गाडी तान्न | १००० | प्रयोग गर्ने पक्ष आफैले इन्धन लगाउनु पर्नेछ । |
| ४ | नगरपालिकाको कार्यालयको गाडी र अन्य सरकारी गाडी फसेमा उद्धार वापत । | नलाग्ने | अन्य सरकारी गाडीको भने प्रकृति हेरेर छुट/१००० सम्म चार्ज लाग्ने छ । तर नगर पालिकाको कार्यालय वाट १३ किलोमिटर वर पर भन्दा वाहिर र नरगपालिकाको क्षेत्र वाहिर भने अन्य सरकारी गाडी लाई पनि १००० चार्ज लिईने छ । |
| ५ | ब्रेकरको दर | १४२५ | |

२ ब्याहु लोडर लग्ने सम्बन्धी सेवा ग्राही सबैले नगरपालिका बाट लगेको र ल्याई पुर्याउने समय को लागत निजलेनै बेहोर्नु पर्ने छ ।

स्पस्टीकरणः- लगेको र ल्याई पुर्याउने भन्नाले बाटोमा लगेको र ल्याएको घन्टा वापतको चार्ज भन्ने बुझिन्छ।

३ नगरपालिका भित्र वा वाहिरका उपभोक्ता समिति वा निर्माणमा व्यावसाहिले नगरपालिका बाटै विनियोजित रकम को आयोजना सँचालन गर्न नगर पालिकाको व्याकहु लोडर/जेसिवि लगेमा निर्माण कार्य सम्पन्न पश्चात भुक्तानी लिन आउदा नगरपालिकाको आन्तरीक राजश्व खातामा रकम वुझाएको नगदी रसीद को सक्कल कपी राख्नु पर्ने छ ।

४ निम्न बमोजिमको सम्झौता पेपरमा सम्झौता नगरी र नगदी रसिद नकाटी नगरपालिकाको जेसिवि/ब्याकहु लोडर कसैले पनि लग्न पाँउने छैन ।

सम्झौताको विवरण
महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालय
जितपूर धनकुटा

मिति

आ व
दर्ता न

विषय :सम्झौता सम्बन्धमा

प्रस्तुत सम्बन्धमा महालक्ष्मी नगरपालिका धनकुटाको व्याकहुलोडर/जेसिवि नगरपालिकाको कार्यालयवाट हिडाएदेखि ल्याई पुर्याउनजेल सम्म मेरो जिम्मामा रहनेछ । मेरो जिम्मामा रहेसम्म मेरो /म पक्षको कुनै लापरवाही वाट जेसिवी वा जेसिविको कुनै पार्ट पुर्जा विग्रन भत्कन/क्षति हुन गएमा सोको मर्मत/सामान फेर्ने जिम्मा मेरो हुने छ ।

बुझिलिने
नाम
फोन नम्वर
ठेगाना
दस्तखत

प्रमाणित गर्ने
नाम
पदः- प्रमुख प्रसाशकिय अधिकृत
दस्तखत

डिजिटल(मिटर/घन्टा) नम्बर .................... देखि सुरु

५ नगरपालिकाको ब्याकहुलोडर /जेसिवि सँचालन लाई व्यवस्थित गर्न नगर कार्यपालिकाले यस ऐन बमोजिमको व्यवस्था सँग मेल खाने गरी एक कार्यविधि वनाई लागु गर्न सक्ने छ ।

**२ एम्वुलेन्स सेवा शुल्क सम्बन्धी व्यवस्था**

१ नगरपालिकामा रहेको /रहेका एम्बुलेन्स को सञ्चालन सेवा शुल्क देहाए वमोजिम हुने छ ।

क) महालक्ष्मी नगरपालिकको एम्बुलेन्स सञ्ञालन कर्ताले सम्भव भएसम्म दैनिक नभएमा तिन दिन भित्रमा,तिन दिन भित्रमा पनि नसकेमा बढीमा एकहप्ता भित्रममा अनिवार्य रुपमा राजस्व नगरपालिकाको आन्तरीक राजश्व खातामा जम्मा गर्नु पर्ने छ ।

ख) नियमानुसार लकबुक नभरी एम्बुलेन्स चलाउन र इन्धन भर्न पाईने छैन ।

ग) गाडिले पार गरेको माईलेज लगबुक, तेल र राजश्वको भौचरसँग मेल खानु पर्ने छ ।

घ) माथि उल्लेख गरेवमोजिमको समयावधि भित्र एम्बुलेन्स चालकले राजश्व नवुझाएमा नबुझाएको कुल उठेको राजश्वको पाँच प्रतिशत रकम जरिवाना गरिने छ ।जरिवाना तलब भत्ता वाट असुलिने छ ।

ङ) नगरपालिकको एम्बुलेन्स भाडा जिल्ला रेडक्रस सोसाईटीले तोके भन्दा बढी दरमा उठाईने छैन ।दररेट निर्धारण नगर कार्यापालिकाले निर्धारण गरे वमोजिम हुने छ ।

च) यस ऐन अनुसार मेल खाने गरी नगर कार्यपालिकाले एम्बुलेन्स संचालन सम्बन्धी एक कार्यविधि वनाउने छ ।एम्बुलेन्स संचालन सम्बन्धी अन्य व्यवस्था नगरपालिकाको एम्बुलेन्स सँचालन सम्बन्धी कार्यविधि वमोजिम हुने छ

२ नगरकार्यपालिकाले एम्बुलेन्स ठेक्कामा दिदा वार्षिक रुपमा वढी राजश्व उठ्ने ठहर गरेमा एम्बुलेन्स ठेक्कामा लगाउन सक्ने छ ।ठेक्का लगाउदा कति समय अवधिको ठेक्का लगाउने हो सोको ठेक्का रकम ठेक्का सम्झौतामा नै लिईने छ ।

तर: ठेक्कामा लगाउदा गाडी सुरक्षित हुनुपर्ने, यदि विग्रेमा मर्मत हुने तथा गाडीलाई कुनै किसिमको क्षति हुन नदिने स्पस्ट सम्झौता सहित कम्तिमा ५ लाख रुपैया धरौटी राख्नु पर्ने छ ।

प्रमाणित गर्ने
ध्रुवराज राया
नगर प्रमुख